# इन्टरनेटबाटै भोट खसाल्ने व्यवस्था गर्दै निर्वाचन आयोग

■ सौर्य समाचार



काठमाडौँ । निर्वाचन आयोगले आगामी दिनमा इन्टरनेटमार्फत मतदान गर्न सकिने प्रणाली विकास र कार्यान्वयनका लागि प्राविधिक तथा संस्थागत तयारी अघि बढाउने भएको छ । आयोगले यसका लागि डिजिटल पहिचान, मतदाता प्रमाणीकरण, साइबर सुरक्षा र सरकारी सूचना प्रणालीबीचको अन्तरआबद्धतालाई प्राथमिकतामा राखेको छ ।

आयोगले मंगलबार आयोजना गरेको प्रविधि तथा अन्तर्क्रिया कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले नेपालमा इन्टरनेट मतदान प्रणाली लागू गर्ने दिशामा अघि बढ्ने बताएका हुन् । उनका अनुसार यस्तो प्रणाली कार्यान्वयनका लागि प्रविधि तयार गर्नु मात्र पर्याप्त नभई संस्थागत क्षमता विकास, साइबर सुरक्षा र सम्बन्धित सरकारी निकायबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ ।

कार्यक्रममा स्मार्टेक र इन्स्पायरिङ ल्याबका विज्ञहरूले इन्टरनेट मतदानको प्राविधिक संरचना, प्रणाली सञ्चालन, मतदाता प्रमाणीकरण, साइबर सुरक्षा तथा विभिन्न मुलुकमा अपनाइएका अभ्यासबारे प्रस्तुतीकरण दिएका थिए । स्मार्टेकले इन्टरनेट मतदान प्रणालीको प्रत्यक्ष प्राविधिक प्रदर्शनसमेत गरेको थियो ।

प्रदर्शनमा मतदाता प्रमाणीकरणदेखि मतदान गर्ने प्रक्रिया, मतको सुरक्षित व्यवस्थापन र प्रणाली सञ्चालनसम्मका विभिन्न चरण देखाइएको थियो । कार्यक्रममा नेदरल्यान्ड्स, एस्टोनिया, बोस्निया, पानामा र बेलायतका विज्ञसमेत सहभागी थिए ।

इन्स्पायरिङ ल्याबका प्रतिनिधि सञ्जय खनालले इन्टरनेट मतदान प्रविधिको आर्किटेक्चरबारे प्रस्तुतीकरण गरेका थिए । निर्वाचन आयोगका उपसचिव अनुप न्यौपानेले आयोगको विद्यमान सूचना तथा सञ्चार प्रविधि प्रणाली, पूर्वाधार र जनशक्तिको अवस्थाका साथै आगामी दिनमा आवश्यक पर्ने प्राविधिक सुदृढीकरणबारे जानकारी गराएका थिए ।

निर्वाचन आयुक्त डा. राजीव सुब्बाले इन्टरनेट मतदान प्रणाली कार्यान्वयनका लागि आयोगभित्र मात्र नभई सरकारका विभिन्न निकायमा रहेको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान, सीप, जनशक्ति र प्राविधिक क्षमताको 'स्किल म्यापिङ' गर्नुपर्ने बताए ।

उनका अनुसार इन्टरनेट मतदान बहुआयामिक र अन्तरनिकायसँग जोडिएको विषय भएकाले डिजिटल पहिचान, मतदाता प्रमाणीकरण, डाटा आदानप्रदान, साइबर सुरक्षा, प्रणाली विकास, पूर्वाधार र सञ्चालनलगायत क्षेत्रमा उपलब्ध विशेषज्ञता तथा क्षमताको पहिचान आवश्यक छ ।

कार्यक्रममा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, राहदानी विभाग, अध्यागमन विभाग, नेपाल प्रहरीलगायत सरकारी निकायका २४ भन्दा बढी सूचना तथा सञ्चार प्रविधि प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो । सहभागीहरूले डिजिटल पहिचान र प्रमाणीकरण, प्रणाली अन्तरआबद्धता, डाटा आदानप्रदान, साइबर सुरक्षा, डाटा संरक्षण तथा संस्थागत प्राविधिक क्षमताका विषयमा अनुभव र सुझाव प्रस्तुत गरेका थिए ।

आयोगका अनुसार अन्तर्क्रियाबाट भविष्यमा इन्टरनेट मतदान प्रणाली विकास तथा कार्यान्वयन गर्दा सरकारी सूचना प्रणाली र उपलब्ध प्राविधिक क्षमताबीच आवश्यक समन्वय तथा अन्तरआबद्धताको आधार तयार भएको छ ।

# ललितपुरका पर्यटकीय स्थलमा सहज भ्रमणका लागि ई-सटल बस सञ्चालनको तयारी

■ सौर्य समाचार

काठमाडौँ । ललितपुर महानगरपालिकाभित्र रहेका प्रमुख पर्यटकस्थलमा पर्यटक, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा बालबालिकालाई सहज रूपमा भ्रमण गराउने उद्देश्यले ई-सटल बस सञ्चालनको तयारी गरिएको छ । यस विषयमा ललितपुर महानगरका मेयर चिरिबाबु महर्जन र कर्मचारीबीच छलफल भएको छ ।

छलफलमा महानगरभित्रका पर्यटकीय क्षेत्रलाई लक्षित गरी सहज, सुरक्षित र पहुँचयोग्य यातायात सेवा सञ्चालन गर्ने विषयमा आवश्यक योजना तथा व्यवस्थापनबारे विचार-विमर्श गरिएको महानगरले जनाएको छ ।

महानगरले उक्त प्रयोजनका लागि हाल १६ सिट क्षमताका ५ वटा विद्युतीय सवारीसाधनको व्यवस्था गरेको छ । वातावरणमैत्री विद्युतीय सवारीसाधनमार्फत पर्यटकीयस्थलको भ्रमणलाई सहज बनाउने लक्ष्य लिइएको महानगरले जारी गरेको सूचनामा उल्लेख छ ।




जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र बालबालिकालाई लक्षित गरी सञ्चालन गरिने यस सेवाले ललितपुरका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदाको अवलोकनमा थप सुविधा पुग्ने अपेक्षा राखिएको महानगरले जनाएको छ । साथै, यसबाट आन्तरिक तथा बाह्य पर्यटकलाई ललितपुरका पर्यटकीय गन्तव्यमा सहज पहुँच स्थापित हुनुका साथै महानगरको पर्यटक प्रवर्द्धनमा समेत योगदान पुग्ने विश्वास लिइएको छ ।

'विशेष गरी, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र बालबालिकालाई लक्षित गरी सञ्चालन गरिने यस सेवाले ललितपुरका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदाको अवलोकनमा थप सुविधा पुग्ने अपेक्षा राखिएको छ,' सूचनामा भनिएको छ, 'साथै, यसबाट आन्तरिक तथा बाह्य पर्यटकलाई ललितपुरका पर्यटकीय गन्तव्यमा सहज पहुँच स्थापित हुनुका साथै महानगरको पर्यटक प्रवर्द्धनमा समेत योगदान पुग्ने विश्वास छ ।'

महानगरले सम्बन्धित निकायहरूसँगको समन्वयमा सेवा सञ्चालनका लाथि आवश्यक तयारी अघि बढाउने पनि जनाएको छ ।

# गमलाले बदलिँदै भक्तपुरको पहिचान



■ रेणु त्वानाबासु

भक्तपुर । कला, संस्कृति र सम्पदाको सहरका रूपमा परिचित भक्तपुरको दृश्य पछिल्लो समय फेरिन थालेको छ । नगरका मुख्य सडकदेखि भित्री गल्लीसम्म सडक किनार, चोक, फुटपाथ र सार्वजनिक स्थलमा गमलामा फूलका बिरुवा राखिएपछि भक्तपुरमा हरियालीको नयाँ रूप देखिन थालेको हो ।

भक्तपुर नगरपालिका-७ गोल्मढीका स्थानीय प्रकाश मल्लका आँखामा यो परिवर्तन सामान्य सजावट मात्रै होइन, सहरको नयाँ पहिचानको सुरुआत हो । 'पहिले भक्तपुरमा जहाँ पुग्यो, त्यहाँ कला र सम्पदा देखिन्थ्यो । अब ती सम्पदासँगै सडक किनारमा फूल र हरियाली पनि देखिन थालेका छन् । यसरी नै गमला थपिँदै गए एक दिन भक्तपुरलाई 'गमलैगमलाको सहर' भनेर चिन्ने अवस्था आउन सक्छ,' उनी भन्छन् ।

नगरपालिकाले भक्तपुरलाई हरित, स्वच्छ र सुन्दर बनाउने उद्देश्यले वडा-१ देखि १० सम्म गमला राख्ने अभियान अघि बढाएको हो । नगर प्रमुख सुनिल प्रजापति यसलाई सानो देखिए पनि दीर्घकालीन महत्वको कामका रूपमा लिन्छन् । 'हामीले गर्न नसक्ने ठुल्ठुला आश्वासन बाँड्न चाहँदैनौँ । जे गर्न सक्छौँ, त्यही गर्छौँ । गमला राख्ने काम सानो देखिएला, तर यसले सहरको वातावरण र सौन्दर्यमा ठुलो अर्थ राख्छ,' उनी भन्छन्, 'कंक्रिटको जंगलजस्तो बन्दै गएको भक्तपुरमा यिनै साना प्रयासले भविष्यमा हरियो र स्वच्छ नगरको आधार तयार पार्नेछ ।'

नगरको वातावरण समितिका संयोजक एवं वडा-९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वका अनुसार हालसम्म भक्तपुरभरि २ हजार ६२० वटा गमला राखेर फूलका बिरुवा रोपिएका छन् । वडा-१ मा ४६५, २ मा ४५०, ३ मा ४६५, ४ मा ८, ५ मा २६५, ६ मा १६०, ७ मा २५०, ८ मा १२, ९ मा ३०० र १० मा २२५ वटा गमला राखिएको छ ।

वडा-६ ले भने थप ५०० देखि ६०० गमला राख्ने योजना बनाएको छ । सार्वजनिक स्थलमा चोरीको सम्भावना कम गर्न अधिकांश गमला सिमेन्टबाट निर्माण गरिएका छन् ।

गमला विशेष गरी सम्पदा तथा पर्यटकीय क्षेत्र, सडक किनार, डिभाइडर, सार्वजनिक भवन, कार्यालय परिसर र सांस्कृतिक प्रदक्षिणा मार्गमा राखिएको छ । भक्तपुर दरबार क्षेत्र, दत्तात्रय क्षेत्र, टौमढीतर्फ जाने पर्यटकीय मार्ग, नगरपालिका कार्यालय, वडा कार्यालय, विद्यालय तथा ख्वप अस्पताल आसपासमा समेत हरियाली थपिएको छ ।

अभियानको विशेषता स्थानीय सहभागिता पनि हो । बिरुवा रोप्ने काम नगरपालिका वा वडाले गरे पनि त्यसको नियमित स्याहार, पानी हाल्ने र संरक्षण गर्ने जिम्मेवारी स्थानीयवासीले लिइरहेका छन् ।

वडा-७ का वडाध्यक्ष उकेश कवांका अनुसार नगरपालिकाले बिरुवा रोपेर मात्रै जिम्मेवारी पूरा हुँदैन भन्ने मान्यताका साथ स्थानीयलाई संरक्षणमा जोडिएको हो । 'नगरपालिकाले गमला राखिदियो भन्दैमा अब सबै काम नगरपालिकाकै हो भनेर छाड्ने होइन । घरअगाडि राखिएको बिरुवालाई आफ्नै घरको बिरुवाजस्तै माया र हेरचाह गर्नुपर्छ । स्थानीयले अपनत्व लिए बिरुवा पनि बाँच्छ र अभियान पनि दिगो हुन्छ,' उनी भन्छन् ।

स्थानीय सुलोचना किसी भक्तपुरलाई हरियाली बनाउने अभियानमा आफूहरू पनि सहभागी हुन पाउँदा खुसी लागेको बताउँछिन् । 'हाम्रो टोलमा पहिले सडक र घर मात्रै देखिन्थे । अहिले सडक किनारमा फूलका बिरुवा देखिन्छन् । यसले टोलको रूप नै बदलिएको महसुस हुन्छ । नगरपालिकाले सुरुआत गरिदिएको छ, अब यसको संरक्षण गर्नु हामी स्थानीयको पनि जिम्मेवारी हो,' उनी भन्छिन् ।

अर्की स्थानीय मोहनकेशरी ग्वाछाका लागि यो अभियानले घरको पेटीदेखि टोलसम्मै खुसी थपेको छ । 'आफ्नो घरअगाडि फूल रोप्न मन त सबैलाई हुन्छ, तर समय र ठाउँको अभाव हुन्छ । अहिले वडा र नगरपालिकाले गमला राखिदिएपछि घरको पेटीदेखि सडकसम्मै फूल देखिन थालेको छ । फूल फुलेपछि त हाम्रो टोल नै सानो बगैँचाजस्तो देखिने भयो,' उनी भन्छिन् ।

भक्तपुरको मूल पहिचान भने कला र संस्कृति नै हो । ५५ झ्याले दरबार, सुनौलो ढोका, न्यातपोललगायत सम्पदा, बिस्का जात्रा, सापारु, दाफा भजन र नवदुर्गा नाचले भक्तपुरलाई 'जीवित सम्पदा'का रूपमा चिनाएका छन् । पछिल्ला २ स्थानीय कार्यकालमा मठ, मन्दिर, पाटी, सत्तल, ढुंगेधारा र पोखरीलगायत १८५ वटा मूर्त सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धार सम्पन्न भएको नगरपालिकाले जनाएको छ ।

जुजु धौ र भादगाउँले टोपीसँगै कला-संस्कृतिको सहरका रूपमा स्थापित भक्तपुरले अब हरियालीलाई पनि आफ्नो पहिचानको हिस्सा बनाउने प्रयास थालेको छ । हजारौँ गमलामा हुर्किरहेका फूलका बिरुवाले सहरको दृश्यसँगै भक्तपुरको परिचयमा पनि नयाँ रङ थपिरहेका छन् ।

# लोक तथा दोहोरी गीत प्रतिष्ठानको महाधिवेशन बर्दिवासमा

■ विशाल बस्नेत



महोत्तरी । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको नवौँ महाधिवेशन बर्दिवासमा आज सुरु हुँदै छ । २४ असोजसम्म हुने महाधिवेशनमा १४ देशका प्रतिष्ठान शाखाका प्रतिनिधिसहित २ हजार कलाकार आउने आयोजकले जनाएको छ । महाधिवेशनमा सहभागी हुने पाहुनाहरूको स्वागत तथा सत्कारका लागि गृहपालिका बर्दिवास नगरपालिकाले पनि कार्यक्रमको तयारी थालेको छ ।

बर्दिवास नगर संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले नगर क्षेत्रका पर्यटकीय स्थलहरूको शब्दचित्रसमेत प्रदर्शन गर्ने भएको छ ।

पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न महत्वपूर्ण प्लेटफर्मका रूपमा महाधिवेशनलाई लिएको बताउँदै नगर संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष हिरा गौतमले जानकारी दिए ।

देशकै चर्चित मानव सभ्यता 'रातु सभ्यता'का अवशेषहरू दृश्यावलोकनका लागि प्रदर्शनमा राखिने भएको छ । विभिन्न वैज्ञानिकले खोज तथा अनुसन्धान गरेर पत्ता लगाएको मध्यपाषाण युगका ढुंगे हतियारका अवशेषका तस्बिर बनाएर राख्ने तयारी भइरहेको होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुन्ज कार्कीले बताए ।

पर्यापर्यटनका दृष्टिकोणले विश्वकै लोपोन्मुख पक्षी गिद्धको बासस्थान रहेको राईमण्डल क्षेत्रको पनि प्रवर्द्धन गरिने भएको छ । उक्त क्षेत्रमा ठुलो संख्यामा गिद्ध बासस्थान बनाएर बस्दै आएका छन् । यस क्षेत्रमा पाइने विभिन्न प्रजातिका गिद्धका तस्बिरसहित तिनका बासस्थानका तस्बिरहरू साझा गर्ने पर्यटन व्यवसायीहरूले जनाएका छन् ।

धार्मिक पर्यटनका क्षेत्रहरूलाई पनि महाधिवेशनमा दृश्यावलोकनका लागि तस्बिरमार्फत सार्वजनिक गर्ने नगरपालिकाले जनाएको छ । धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्रागैतिहासिक दृष्टिकोणले निकै उर्वर मानिने बर्दिवासलाई यो महाधिवेशनले पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने विश्वास लिइएको छ ।

१० देखि १२ हजार वर्षअघि मानिसको विशाल चहलपहल भएको प्रमाणित भइसकेको यस क्षेत्र पुरातात्त्विक पर्यटनका दृष्टिकोणले समेत मधेस प्रदेशकै अग्रणी मानिन्छ । यस क्षेत्रमा विभिन्न फ्रान्सेली तथा जर्मन वैज्ञानिकहरूले अध्ययन गर्नुका साथै स्वदेशी भूगर्भविद्हरूले पिएचडीका लागि दर्जनौँ थेसिस गरेको अभिलेख छ ।

जर्मन नागरिक गुड्रुन कर्विन्सले पत्ता लगाएको हतियार कारखानाको तस्बिर राष्ट्रिय संग्रहालयमा समेत राखिएको छ । उक्त स्थानमा विभिन्न प्रकारका ढुंगे हतियारहरू भेटिएका छन् ।

Shivasatakshi Municipality
Office of the Municipal Executive
Koshi Province, Jhapa

Invitation for Sealed Quotation

Date of 1st Publication : 2083/06/22(08-Oct-2026)

1. Shivasatakshi Municipality invites Sealed quotation(Hardcopy) bids from eligible Suppliers for the following procurement of goods as specified in Procurement Act 2063 and Regulation 2064.

| Contract Number | Description of Goods | Bid Doc Fee | Bid Validity Period | Minimun Bid Security Amount | Bid Security Validity Period | Deadline for Purchase of Bid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| SSM/SQ/GOODS/2083/084-01 | Supply & delivery of Medicine & Surgical Items | Nrs 1000 | 45 Days After Bid opening | Nrs 1,23,000 | 30 Days beyond the Validity of Bid | 14-Oct-2026 17: 00 Hours | 15-Oct-2026 12: 00 Hours | 15-Oct-2026 13: 00 Hours |

2. Eligible bidder can Purchase the bidding document from the office of shivasatakshi municipality,Byangdada,Jhapa and may obtain further information from Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

| 3. Information to deposit the cost of Bidding document in Bank | | Information to deposit the cost of Bid Security in Bank | |
|---|---|---|---|
| Name of Bank | Nepal Investment Mega Bank Nepal LTD | Name of Bank | Nepal Investment Mega Bank Nepal LTD |
| Acconut Name | Antarik Rajaswa Khata | Account Name | Dhaurati Khata |
| Account no. | **29601400000017** | Account no. | **29601400000048** |

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**